## बैठक नं. २५४(३)१४
## मिति २०७७।०५।२१

## निर्णय

१. आयोगको आ. ब. २०७६/७७ को बार्षिक प्रतिवेदनको प्रारम्भिक मस्यौदा उपर छलफल गरी आयोगका प्रमुख सूचना आयुक्त, सूचना आयुक्तद्वय, सचिव, सहसचिव लगायत अन्य कर्मचारीहरूबाट प्राप्त सुझाव समेतलाई समावेश गरी बार्षिक प्रतिवेदनको मस्यौदा तयार गरी आगामी बैठकमा पेश गर्ने निर्णय गरियो ।

२. सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को समय सापेक्ष संशोधन गर्ने सम्बन्धमा आयोगका सदस्य, कमला ओली थापाको संयोजकत्वमा देहाय बमोजिमका सदस्य रहने गरी एक मस्यौदा सुझाव समिति गठन गर्ने:

२.१ सूचना आयुक्त कमला ओली थापा ____________ संयोजक

२.२ सहसचिव, राष्ट्रिय सूचना आयोग ____________ सदस्य

२.३ उपसचिव, राष्ट्रिय सूचना आयोग, पुनरावेदन शाखा ____________ सदस्य

२.४ प्रतिनिधि संचार तथा सूचना प्रविधि मन्त्रालय सदस्य

२.५ कानून अधिकृत, राष्ट्रिय सूचना आयोग, पुनरावेदन शाखा ____________ सदस्य-सचिव

समितिले आवश्यकता अनुसार विज्ञ तथा सरोकारवालालाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

२.६ नियमावलीमा संशोधन गर्ने बिषय वस्तुका सम्बन्धमा सर्वसाधरण र सरोकारवालाहरूबाट राय परामर्शका लागि आयोगको वेव साइट www.nic.gov.np मा र गोरखापत्रमा सूचना प्रकाशित गर्ने ।

२.७ कार्यदलको पदावधि कार्य प्रारम्भ गरेको मितिले १५ दिनको हुनेछ ।

३. बैठक लगायत विभिन्न कन्फरेन्सहरूलाई प्रविधिको प्रयोग गरी आगामी दिनमा भर्चुअल मिटिङ्ग गर्न सोको तयारी गर्न प्रशासन शाखाका उपसचिवलाई जिम्मेवारी तोक्ने ।

४. मास्क तथा स्यानिटाइजरको गुणस्तर निर्धारण भए/नभएको, आयुर्वेदिक औषधिका सम्बन्धमा हाल बजारमा आई रहेका सामाजिक सञ्जालमा आएका विषयवस्तु लगायत विषयका सम्बन्धमा देहायका निकायका पदाधिकारीहरूसँग भर्चुअल मिटिङ्ग गर्ने:

४.१ सचिव, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

४.२ सचिव, उद्योग मन्त्रालय

४.३ प्रमुख प्रशासकीय अधिकृत, काठमाडौं महानगरपालिका

४.४ महानिर्देशक, औषधि व्यवस्था विभाग

४.५ महानिर्देशक, गुणस्तर तथा नापतौल विभाग

४.६ महानिर्देशक, आयुर्वेद विभाग

५. यस आयोगबाट हुने बुलेटिन प्रकाशनका सम्बन्धमा सूचना आयुक्त रत्नप्रसाद मैनालीको संयोजकत्वमा देहाय बमोजिमको बुलेटिन प्रकाशन समिति गठन गर्ने:-

५.१ सूचना आयुक्त, रत्नप्रसाद मैनाली ____________ संयोजक

५.२ सचिव, राष्ट्रिय सूचना आयोग ____________ सदस्य

५.३ सहसचिव, राष्ट्रिय सूचना आयोग ______________________________ सदस्य

५.४ उपसचिव, राष्ट्रिय सूचना आयोग, प्रशासन शाखा ________________ सदस्य

समितिले प्रमुख सूचना आयुक्त, सूचना आयुक्त र अन्य कर्मचारीलाई आवश्यकता अनुसार बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

६. 'सूचनाको हकका लागि राष्ट्रिय सञ्जाल नेपाल' ले पेश गरेको ध्यानाकर्षण पत्रका सम्बन्धमा छलफल गरी उक्त सञ्जालले दिएका सुझावहरूको लागि धन्यवाद दिई सम्बन्धित ठाउँमा पत्राचार गर्ने ।

७. आयोगको सामाजिक सञ्जालमा आएका जिज्ञासाहरू संकलन गरी सोको संबोधन गर्ने सम्बन्धमा साप्ताहिकरुपमा आयुक्तहरू र आयोगका सचिव समक्ष प्रगति विवरण पेश गर्न आयोगका एक जना शाखा अधिकृतलाई सचिवालयले जिम्मेवारी तोक्ने ।

८. अन्य विविध बिषयमा छलफल भयो ।